विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०९/२४ मा बसेको बैठकका एजेन्डा र निर्णयहरू:-

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
| --- | --- | --- |
| १ | नगर सभाको सत्रौं अधिवेशनमा पेस गर्ने एजेन्डाहरूका सम्बन्धमा।<br><br>प्रतिलिपी<br>अधिकृत आठौं<br>विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल | (क) नगर सभाको सोह्रौं अधिवेशनबाट पारित विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको अर्धवार्षिक कार्यान्वयन प्रगति, आय-व्यय विवरण, मुख्य-मुख्य उपलब्धी तथा चुनौति लगायतको अर्धवार्षिक समीक्षा आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) विराटनगर महानगरपालिकाको आर्थिक (पहिलो संशोधन) विधेयक, २०८२ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) विराटनगर महानगरपालिकाको विनियोजन (पहिलो संशोधन) विधेयक, २०८२ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(घ) सम्वत् २०८२ साल भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनबाट उत्पन्न परिस्थिति, घरजग्गा कारोबारमा आयको मन्दी, संस्थागत बहाल कर लक्ष्य अनुरुप असुल हुन नसक्नु लगायतका कारण प्रक्षेपण गरिएभन्दा महानगरपालिकाको आय न्यून सङ्कलन हुने देखिएकाले नगर सभाको सोह्रौं अधिवेशनबाट पारित विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेटको २० प्रतिशत रकम कटौती हुनेगरी वडास्तरीय बाहेकका विषय क्षेत्रगत तथा नगरस्तरीय कार्यक्रम समायोजन हुनेगरी एवम् केही कार्यक्रमहरू संशोधन तथा थपघट हुनेगरी रु.३,६०,९७,००,०००।- बराबरको संशोधित बजेट तथा कार्यक्रम आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ङ) आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा सम्बन्धित वडा कार्यालयको सिफारिस अनुसार **अनुसूची-१** बमोजिमको वडास्तरिय बजेट तथा कार्यक्रम/योजना संशोधन, थपघट एवम् रकमान्तर स्वीकृतिका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(च) आ.व. २०७३/०७४ देखि २०८०/०८१ सम्मको महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजुको सम्बन्धमा अर्थ तथा सार्वजनिक लेखा समितिको सिफारिस अनुसार बेरुजु नियमित गर्नका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(छ) नगर सभामार्फत गर्नुपर्ने केही महत्वपूर्ण निर्णयहरू तत्कालै गरी कार्यान्वयन गर्नुपर्ने अवस्था सिर्जना भएकाले सभाबाट अनुमोदन हुनेगरी विभिन्न मितिमा बसेको नगर कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरूको अनुमोदनका लागि आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले गरियो। |

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td></td><td>प्रतिलिपी<br>अधिकृत आठौं<br>विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल</td><td>
(ज) विराटनगर महानगरपालिका अन्तर्गतको रानी अस्पताल, विराटनगर १५ को संगठन संरचना तथा दरबन्दी तेरिज नेपाल सरकार (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) बाट स्वीकृत भएको स्थानीय तहमा स्थापना हुने १५ शैयाको आधारभूत अस्पतालको प्रस्तावित (नमूना) संगठन संरचना तथा दरबन्दी तेरिज अनुसार रहेकोमा उक्त अस्पतालमा प्रयोगशाला सेवा विस्तार गरी सञ्चालन गर्नका लागि जनशक्ति व्यवस्थापन गर्न स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ को उपदफा (१) बमोजिम गठित सिफारिस समितिले पेश गरे अनुसार देहायको दरबन्दी थप गर्न नगर सभालाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>तह</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>मेडिकल ल्याब टेक्नोलोजिष्ट/वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक</td><td>७/८</td><td>२</td></tr>
<tr><td>२</td><td>ल्याब टेक्निसियन</td><td>५/६</td><td>१</td></tr>
<tr><td>३</td><td>ल्याब असिस्टेन्ट</td><td>४</td><td>२</td></tr>
</table>
(झ) विराटनगर महानगरपालिका अन्तर्गत सञ्चालनमा रहेको महानगर अटिजम सेवा केन्द्रका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ को उपदफा (५) बमोजिम गठित सिफारिस समितिले पेश गरे अनुसार देहाय बमोजिमको अस्थायी दरबन्दी स्वीकृतिका लागि नगर सभालाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>तह</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>संयोजक</td><td>७/८</td><td>१</td></tr>
<tr><td>२</td><td>विशेष शिक्षक</td><td>प्राथमिक शिक्षक (तृतीय श्रेणी) सरह</td><td>८</td></tr>
<tr><td>३</td><td>आया/शिक्षण सहयोगी</td><td>कार्यालय सहयोगी सरह</td><td>८</td></tr>
</table>
(ञ) विषय क्षेत्रगत विविध विषयहरू आवश्यक छलफल तथा नीतिगत निर्णयका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।
</td></tr>
<tr><td>२</td><td>विविध।</td><td>(क) विराटनगर महानगरपालिकाको समग्र ठोस फोहोरमैला (Solid Waste) लाई सङ्कलनदेखि प्रशोधन तहसम्मको चरणमा दीर्घकालीन व्यवस्थापन गर्न सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप बीस वर्ष अवधिका लागि एकीकृत फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनार्थ पेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन, आवश्यकता पहिचान प्रतिवेदन, आर्थिक विश्लेषण प्रतिवेदन, Request for Proposal र Terms of Reference एवम् सेवा शुल्क अनुमोदन गरी आगामी नगर सभामा पेश गर्ने र सो बमोजिम विद्युत्तीय माध्यमबाट प्रस्ताव आह्वान गर्नका लागि नगर सभालाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।</td></tr>
</table>

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ख) विगतमा (विराटनगर उपमहानगरपालिका हुँदाको बखत) सञ्चालन भएको गाउँ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गतका बैङ्क खाताहरू बन्द गरी उक्त खाताहरूमा रहेको रकम विराटनगर महानगरपालिकाको कृषि विकास बैङ्क लिमिटेडमा रहेको विविध कोष हि.नं. ०६०१६०११४५९७३०५९ मा जम्मा गर्नका लागि नगर सभालाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

अधिकृत आठौं